बैठक न १०(२०८०-२०८१)

आज मिति २०८१ साल जेष्ठ १३ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क. सं | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भिम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लुहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | नि प्रमुख प्रशासकिय अधिकृत | |
| | आमन्त्रित | | |
| २५ | श्री अनिश शाह | अधिकृत छैठौं | |
| २६ | श्री सुधा हमाल | अधिकृत छैठौं | |
| २७ | श्री प्रकाश बटाला | अधिकृत छैठौं | |
| २८ | श्री यज्ञ गौतम | सहायक पाँचौ | |
| २९ | श्री राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३० | श्री सनत दवाडी | सहायक पाँचौ | |

३१ निर्मल डाँगी — सब ई
३२ भरत नेपाली — का.नि
३४ [illegible] — का.नि

**निर्णयहरु:**

१. चालु आ.व. ०८०/८१ को हालसम्मको वित्तीय तथा भौतिक खर्च प्रगति जानकारी भयो ।

२ आगामी आ.व. ०८१/८२ को लागि यस नगरपालिकालाई प्राप्त भएको संघ तथा प्रदेश सरकारको वजेट सिलिंग निम्नानुसार जानकारी भयो ।

तपशिल

| क्र.सं. | सरकार | वजेट स्रोत | प्राप्त रकम |
|---|---|---|---|
| क. | संघ सरकार | वित्तीय सामानीकरण | ११ करोड १५ लाख |
| | | राजस्व बाँडफाँड | १२ करोड १५ लाख |
| जम्मा रकम | | | २३ करोड ३० लाख |
| ख. | प्रदेश सरकार | वित्तीय सामानीकरण | १करोड २८ लाख२७ हजार |
| - | | राजस्व बाँडफाँड | २०लाख ९ हजार ३८१ |
| जम्मा रकम | | | १ करोड ४८ लाख ३६ हजार ३८१ |

३. आगामि आ.व.२०८१।८२ को नीति, कार्यक्रम तथा वजेट तर्जुमा कार्य सम्पन्न गर्न निम्नानुसार कार्यसूचि निर्धारण गरियो ।

| क्र.सं. | क्रियाकलाप | मिति | कैफियत |
|---|---|---|---|
| क. | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठक | २०८१/२/२० गते | नगरपालिका |
| ख. | वस्ति स्तरिय योजना तर्जुमा तथा वडा समितिको वैठक | २०८१/२/२२ - ऐ ३० गते सम्म | सम्वन्धित वडाहरुमा |
| ग. | विषयगत समितिहरुको वैठक | २०८१/२/३-२०८१/३/१गते सम्म | नगरपालिका |
| घ. | वजेट तथा तर्जुमा समितिको वैठक | २०८१/३/३ र ४ गते | नगरपालिका |
| ङ. | कार्यपालिका वैठक | २०८१/३/५ र ६ गते | नगरपालिका |
| च. | नगरसभा उद्घाटन | २०८१/३/१० गते | नगरपालिका |

४. अस्थायी आवास निर्माण तथा राहत वितरण सम्वन्धि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिक्रिया सहित विवरण उपलब्ध गराउने सम्वन्धि व्यहोरालाई कोड गरि जिल्ला प्रशासन कार्यालय जाजरकोटले च.नं.४२०५, मिति २०८१/१/२३ मा लेखेको पत्रको व्यहोरा जानकारी भयो ।

५. आगामि आ.व.०८१/८२ मा कार्यान्वयनकालागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सम्वन्धित वडा समितिवाट छनौट तथा सिफारिश भई आएका (वडा नं १ देखि १३ वडाका) तपशिलमा उल्लेखित योजनाहरु छनौटकालागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सिफारिश गर्ने ।

CS CamScanner

| क्र सं | योजनाको नाम | वडा | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | रावतगाउँ कोल्चौर मैदे सडक स्तरउन्नती | १ | १५००००० | |
| २ | विष्णु प्रा वि नेटाको बालमैत्री धारा तथा शौचालय निर्माण | २ | १५००००० | |
| ३ | खाद्य संस्थान देखि माथिल्लो टाकुरी जोडने सडक | ३ | १५००००० | |
| ४ | पुनैबारी फुलवारी पदमार्ग निर्माण | ४ | १५००००० | |
| ५ | ज्यामितारा देखि तल्लो काभ्री सिचाई कुलो विस्तार सालटाकुरा | ५ | १५००००० | |
| ६ | इमिल्चि गैरा देखि मालिका मन्दिर सम्म रेलिङ्ग सहितको सिडी | ६ | १५००००० | |
| ७ | वडा कार्यालयको अधुरो संरचना निर्माण तथा फिनिसिंग गर्ने | ७ | १५००००० | |
| ८ | खर्या देखि मदुश सम्म सिचाई कुलो निर्माण | ८ | १५००००० | |
| ९ | पौरी मष्टा मन्दिर तथा घेरावार निर्माण | ९ | १५००००० | |
| १० | बाल्यातरा देखि फेरासम्म सडक क्षेत्रमा सिचाइ कुलो मर्मत | १० | १५००००० | |
| ११ | फेरा देखि वडा कार्यालय सम्म सडक स्तरोन्नोती | ११ | १५००००० | |
| १२ | लाम्काने देखि भनारी गाउँ खानेपानी आयोजना निर्माण | १२ | १५००००० | |
| १३ | छिन्चु जाजरकोट सडक (गोपे गिरी) को घर देखि वर पिपल सम्म पक्कि नाला सहित ग्रावेल सडक निर्माण योजना | १३ | १५००००० | |

६. कार्य सम्पन्न भएका योजनाहरुको अनुगमन कार्य सिघ्र,छरितो एवं प्रभावकारी वनाउन सम्वन्धित वडा समिति मार्फत उपभोक्ता समितिहरुका निवेदन संकलन गरि वडाले नगरपालिकालाई जानकारी गराउने ।

७. आ.व. ०७९/८० मा सशर्त अनुदान तर्फ नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत निर्माण कार्य सम्पन्न भएको त्रि. उ. मा.वि. खलंगाको छात्रावास भवनको सफ्टवेयर (SUTRA) अवरोधका कारण प्राविधिक मूल्यांकन वमोजिम भूक्तानि हुन नसकेको रकम रु ३४ लाख १६ हजार ७ शय चालु आ.व.मा अख्तियारी प्राप्त सशर्त अनुदान तर्फको नमुना विद्यालय विकास कार्यक्रम वजेट शिर्षकवाट भूक्तानि गर्ने ।

८. विकास साझेदार संस्था WFP / IDS ले यस नगरपालिकाभित्र पहिलो चरणमा ३ गोटा सडक स्तरोन्नति निर्माण कार्यकालागि योजना माग गरेकोमा निम्नानुसार उल्लेखित सडक योजना छनौट गरि स्तरोन्नतिकालागि सिंफारिस गर्ने ।

तपशिल

- ✓ नेटी बजार- पुरानो गाउँ -राम्री रुपाकोट- मिथ्याङ्ग्रा- मेल्टाकुरी सडक वडा नं ६ र ७
- ✓ रावतगाउँ- कोल्चौर- मैदे- चौर- घुयलनेटा - डौरीकाँडा - वडालेक सडक वडा नं १
- ✓ भुरचौर- स्याउली सडक वडा नं ७, ८, ९ र १०

CamScanner

९. भेरी नगरपालिकाको राजनीतिक, शैक्षिक, सांस्कृतिक ईतिहास, धार्मिक र पर्यटकिय सम्पदा एवं धरोहरहरुको विवरण संकलन गरि ऐतिहासिक चिनारी सहितको जाजरकोट दर्पण नामक पुस्तक प्रकाशन गर्न कार्यालयले अनुमति माग गरेकोमा उक्त पुस्तक प्रकाशनकोलागि कार्यालयलाई अनुमति प्रदान गर्ने।

१०. नगरपालिकाको समन्वय र हेल्भेटास नेपालको प्राविधिक सहयोगमा भुकम्प प्रभावित अति विपन्न व्यक्ति मध्यबाट घर निर्माण गर्न छनौट भएका तपशिलमा उल्लेखित व्यक्तिहरुको घर निर्माण कार्यलाई नगरपालिकाको तर्फबाट प्रति घर रु १ लाख रुपैया विपद् व्यवस्थापन कोषबाट खर्च लेखे गरि साझेदारी रकम सहयोग गर्ने ।

तपशिल

| क्र. सं. | लाभग्राही /व्यक्तिको नाम | ठेगाना | सहयोग रकम |
|---|---|---|---|
| १. | श्री रवि राना | वडा नं -१ | १ लाख |
| २. | श्री कालिका रावत | वडा नं -१ | १ लाख |
| ३. | श्री लालसरी बुढाथोकी | वडा नं -३ | १ लाख |
| ४. | श्री सीता कामी | वडा नं -३ | १ लाख |

११. तपशिलमा उल्लेखित योजना तथा कार्यक्रमहरु निम्न बजेट शिर्षकबाट भूक्तानि लेखेगरि कार्य सम्पन्न गर्ने ।

तपशिल

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | बजेट | भुक्तानि शिर्षक |
|---|---|---|---|---|
| १. | मालपोत कार्यालय जाजरकोटलाई कम्प्युटर तथा प्रिन्टर सहयोग | जिल्ला मालपोत | २ लाख | कार्यालय संचालन |
| २. | निगालेनि माझगाउँ खा.पा. मर्मत | वडा नं-५, | ३ लाख | अधुरा योजनाहरुको भुक्तानि दिन बाँकि खर्च शिर्षक |
| ३. | चिसापानी सृजनाशिल कृषक समूहको धान तथा गहु माड्ने थ्रेसर मेसिन खरिद सहयोग | वडा नं-२, | २ लाख | राजस्व बाँडफाँड तर्फ कार्यक्रम खर्च शिर्षक |
| ४. | पोखा मेलामा सांस्कृतिक संरक्षणकालागि खेलकुद तथा स्थानीय लोक झाँकी संचालनको भूक्तानि | वडा नं-९, | १ लाख | युवा, खेलकुद संचालन,सँस्कृति संरक्षण एवम् विपद व्यवस्थापन कार्यक्रम खर्च शिर्षक |

CS CamScanner

१२. स्थानीय तहकालागि लैंगिक समानता र सामाजिक समावेशिकरण परीक्षण दिग्दर्शन ,२०७८ को परिच्छेद ३ को दफा ३.२.१ वमोजिम लैससास कार्यान्वयन समितिको सदस्यहरुमा निम्नानुसार कार्यपालिका सदस्यहरुलाई सदस्य तोकियो ।

- ✓ कार्यपालिका सदस्य श्री डोंटे बादी
- ✓ कार्यपालिका सदस्य श्री लिलादेवी गौतम
- ✓ कार्यपालिका सदस्य श्री भिम कुमारी पुन

१३. लैंगिक समानता र सामाजिक समावेशिकरण सम्पर्क शाखा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई तोक्ने । साथै भेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको लैससास सम्पर्क व्यक्ति महिला विकास निरीक्षक श्री विपना पौडेललाई तोक्ने।

१४. बालमैत्री स्थानीय शासन घोषणाकोलागि वडा नं ९ र १२ लाई थप गर्ने ।

१५. चालु आ.व. मा कार्यसम्पन्न गर्नेगरी हेल्भेटास नेपाल तथा विकासका अन्य अन्तराष्ट्रिय- राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग गरिएका योजनाहरुको साझेदारी वजेट नगरपालिकाको स्वीकृत समपुरक कोषमा बजेट अभाव भएकोले हालसम्म विभिन्न विकासका साझेदारहरुसँग सम्झौता भएका योजनाहरुको साझेदारी वजेट चालु आ.व. को स्वीकृत विनियोजन ऐनको अधुरा योजनाहरुको भुक्तानि दिन बाँकि खर्च शिर्षकको रकमबाट भुक्तानि लेखे ।